मिति:२०७९।०९।२८

## Online परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७६/०७७ र शैक्षिक सत्र २०७८/०७९ मा संचालित B.Sc.Ag., मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले क्रमश: **चौंथो सेमेष्टर र दोस्रो सेमेष्टरको नियमित परीक्षा** र सो शैक्षिक कार्यक्रमहरुको विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई उक्त सेमेष्टरहरुको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले आंशिक परीक्षामा सम्मिलित हुन मिति २०७९/०९/२९ देखि २०७९/१०/१३ गते राती १२:०० अगावै नियमित शुल्क र मिति २०७९/१०/१४ देखि २०७९/१०/१६ गते राती १२:०० बजे अगावै विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भर्न सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा आवेदन फाराम **form.afu.edu.np** मा उपलब्ध हुनेछ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो upload गर्नु पर्नेछ ।

२. नियमित र आंशिक परीक्षामा सम्मिलित हुनको लागि प्रत्येक सेमेष्टरको अलग अलग परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको समय अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७९ साल माघ १४ गते | रु.३००।- |
| २०७९ साल माघ १५ गते | रु.५००।- |
| २०७९ साल माघ १६ गते | रु.११००।- |

परीक्षा आवेदन फाराम भर्ने **Portal** को **Online Payment Link** बाट मात्रै परीक्षा शुल्क रकम भुक्तानी गर्नु पर्नेछ ।

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु भन्दा २ (दुई) दिन अगावै विद्यार्थी स्वयम्ले download गर्नु पर्नेछ ।

५. उक्त फाराम भर्ने क्रममा कुनै समस्या आएमा वा त्रुटी भएमा सम्बन्धित संकाय / कलेजमा सम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

..............................
प्रा.डा.शुनिला राई
परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**